सॉंगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta
प्रदेश नं १ नेपाल

प.सं. ०७९/०८०
च.नं

Province No. 1, Nepal
मिति २०७९/११/१४

## पाइप तथा ग्याबियन जाली वितरण सम्बन्धी सूचना

यस सॉंगुरीगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेडेटार धनकुटाको आ.व. २०७९/२०८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम प्रचलित कानून बमोजिम खरिद भएको **पाइप तथा ग्याबियन जाली**/जिन्सी सामाग्रीहरु सॉंगुरीगढी गाउँपालिका क्षेत्र भित्र स्थायी वसोवास गर्ने स्थानीय नागरिक/घरधुरी/स्थानीय संघ संस्थाहरुलाई निशुल्क वितरण गर्ने कार्यक्रम रहेकाले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायको शर्तहरु भित्र रही सम्वन्धित वडावाट सूचनामा उल्लेखत शर्त पछिसम्म परक नपर्ने सिफारिस सहित निर्धारित ढाँचामा सम्वन्धित वडा कार्यालय वा सॉंगुरीगढी गाउँपालिकाको कार्यालय, भेडेटारमा आवदेन दिनुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक शर्तहरु

१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. घर भएको जग्गाको घरकर वा वहाल विटौरी कर बुझाएको रसिदको प्रतिलिपि नम्वरी जग्गा नभहेको
३. संस्थाको हकमा कार्य समितिको निर्णय, दर्ता प्रमाण पत्र, नवीकरण, करचुक्ता प्रमाणपत्र आदि ।
४. सम्वन्धित परिवारका कुनै पनि सदस्य बैदशिक रोजगारीका लागि नगएको, सरकारी सेवामा आवद्ध नभएको, आर्थिक रुपले विपन्न र कमजोर आय भएको ।
५. विपद वा दुर्घटनामा परेको हकमा प्रहरी मुचुल्का सहित यथार्थ अवस्था झल्काउने तस्वीर ।
६. प्रचलित कानून प्रतिकुल हुने गरी घर निर्माण भए वा नभएको ।
७. गाउँपालिका वा वडा कार्यालयबाट यस अघि सुविधा प्राप्त भएको/नभएको ।
८. आफ्नो नियमित आम्दानीको स्रोत नभएको,
९ आफ्नो आम्दानीले आफू र आफ्नो परिवारमा सन्तुलित भोजन ग्रहण गर्न नपुग्ने भएको,
१०. आफ्नो घरवास नभएको, वा भएतापनि सामान्य र पर्याप्त नभएको,
११. हातमा सीप र क्षमता नभएको,
१२. शिक्षामा पँहुच नभएको, सामान्य लेखपढ भएको,
१३. विपद वा उपचारको क्रममा सम्पति सकिएको,
१४. यस अघि यस्तै सुविधा पाए वा नपाएको,
१५. गरिवी घर पहिचान परिचय पत्र भए सोको प्रतिलिपि
१६. अन्य आवश्यक कागजातहरु

२०७९/११/१४

मनोज कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

*अनुसुची- २*

(दफा ८ का उपदफा (३) सँग सम्बन्धित)

**प्रस्तावनाको नमूना**

मिति.........................

श्री साँगुरीगढी गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
भेडेटार, धनकुटा

विषय: ......................................... लागि प्रस्ताव पेश गरेको बारे ।

यस साँगुरीगढी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय भेडेटारको मिति.................. को ......................................... सम्बन्धी सूचना बमोजिम साँगुरीगढी गाउँपालिकावडा नं ............ टोल.................................................. निवासी ......................................को छोरा/बुहारी/छोरी वा (नातामा................................पर्ने) ..........................................................ले गाँउपालिकाले मिति................................गते प्रकाशन गरिएको सूचनाले निर्धारण गरेको शर्तको अधीनमा रही देहाय बमोजिमको कागजात संलग्न राखी ................ सामाग्रीका लागि यो प्रस्ताव पेश गरेको छु ।

**संलग्न गर्नु पर्ने कागजात:-**

१. नेपाली नागरिकताको प्रतिलिपि
२. सम्बन्धित स्थान वा संस्था वा घर भएको स्थानको लालपूर्जा, लालपूर्जा नभएमा उपभोग गरि रहेको प्रमाणित कागजात,
३. गाउँपालिका वा वडालाई बुझाउनु पर्ने कर दस्तुर वा शुल्क तिरेको रसिदको प्रतिलिपि
४. प्राविधिक लागत अनुमान सहित वडा कार्यालयको सिफारिस
५. सम्बन्धित परिवारको कुनै पनि सदस्य बैदेशिक रोजगारीका लागि नगएको, सरकारी सेवामा आवद्ध नभएको आम्दानीको ठूलो श्रोत नभएको, आर्थिक रुपले विपन्न र कमजोर आय भएको परिवार भनी सम्वन्धित वडाको वडाअध्यक्षले सिफारिस गरेको वडा कार्यालयका सिफारिस पत्र ।
६. दैवी प्रकोपमा परेकाको हकमा प्रहरी मुचुल्का ।
७. गरिवी घरधुरी परिचयपत्र भए सोको प्रतिलिपि

निवेदक/संस्थाको नाम, थर :
हस्ताक्षर/छाप :
स्थायी ठेगाना :